




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २४ गते शनिबार ❑ 10 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## स्कुल बस दुर्घटना हुँदा ४ विद्यार्थीसहित ५ जनाको मृत्यु

### महानगरले बनायो ५ सदस्यीय छानविन समिति

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

पोखरामा स्कुल बस दुर्घटना हुँदा ४ विद्यार्थीसहित ५ जनाको मृत्यु भएको छ।

पोखरा महानगरपालिका-२८ सौर्य माझठानाबाट कालिकातर्फ आउँदै गरेको कालिका माध्यमिक विद्यालयको ग.२ ख. १४१७ नम्बरको स्कुल बस बिहान ओख्लेभीरमा दुर्घटना हुँदा ३ छात्रा, १ छात्र र एक जना प्रौढ गरेर कुल ५ जनाको मृत्यु भएको हो। १४ जना घाइते भएका छन्। बस सडकबाट करिब २०० मिटर तल खसेर दुर्घटना भएको हो।



दुर्घटनामा परी मृत्यु हुनेमा पोखरा महानगरपालिका-२८ माझठानाकी १३ वर्षीया ममता तिवारी, सोही ठाउँका १४ वर्षीय अशिम कँडेल, कक्षा १० मा अध्ययनरत माझठानाकी १४ वर्षीया रुमिका नेपाली र माझठानाकै कक्षा १० मा अध्ययरत सुवेच्छा तिवारी रहेका जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एवं प्रहरी उपरीक्षक नविन कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार उपचारका लागि लिफ्ट मागेर सोही बसमा सवार भएका पोखरा-२८ निवासी ६५ वर्षीय बाबुराम तिवारीको पनि दुर्घटनामा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका तीन जनाको गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो। घाइतेहरूमा पोखरा-२८ सौर्यकी कक्षा १० मा अध्ययनरत १६ वर्षीया सृष्टी तिवारी, सोही ठाउँका कक्षा १० मा अध्यनरत १६ वर्षीय शिसन थापामगर र डाँडागाउँका १६ वर्षीय कक्षा १० मा अध्यनरत सौगात तिमिल्सिना रहेका छन्। उनीहरूको अवस्था मध्यम रहनुका साथै बोल्न सक्ने अवस्थामा रहेका प्रहरीले जनाएको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचाररत घाइतेमध्ये माझठानाकी १५ वर्षीया अस्मी कँडेलको अवस्था गम्भीर रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो। छ।

यसैगरी मादी गाउँपालिका-१२ पहिरेकी १४ वर्षीया स्नेहा खत्री, पोखरा-२८ माझठानाकी १३ वर्षीया सोनिया तिवारी, १३ वर्षीय अङ्कित पराजुली, मादी-१२ पहिरेकी १५ वर्षीया स्मृति खत्री, पोखरा-२८ माझठानाकी १६ वर्षीया स्नेहा तिवारी, १४ वर्षीया आकृती बुढाथोकी, १५ वर्षीया मेरिना तिवारी, १४ वर्षीया सुप्रिया आचार्य र १६ वर्षीय यमन मगर घाइते भएका छन् । उनीहरू सबैको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ । बस चालक पोखरा महानगरपालिका-१५ निवासी ५७ वर्षीय तुलबहादुर गुरुङको ढाड र छातीमा चोट लागेको छ । उहाँको अवस्था मध्यम छ। दुर्घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय शिशुवाबाट प्रहरी निरीक्षक सन्तोष पौडेलको कमान्डमा सात जना, जिल्ला प्रहरी कार्यालय कास्कीबाट प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानको कमान्डमा ट्राफिक प्रहरसहित १५ जना तथा सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ हेक्वा कालिका गण पोखराबाट सशस्त्र प्रहरी नायब निरीक्षक बलराम गौतमको कमान्डमा १० जनाको टोली उद्धारमा खटिएको थियो। घाईते बसका चालक पोखरा-१५ का ५७ वर्षिय तुलबहादुर गुरुङ पनि घाईते छन्। घाईते सबै विद्यार्थीको टाउकोमा चोट लागेको छ भने चालक गुरुङको छाती र ढाडमा चोट लागेको उनले बताए।

दुर्घटनापछि शुक्रबार दिनभरी नै अस्पतालमा मृतक तथा घाईतेका आफन्तको भीड लागेको थियो। भावविह्वल अवस्थामा रहेका उनीहरुले घटनाको निस्पक्ष छानविन गर्न माग गरेका छन्। घटनाको कारण खुलिसकेको छैन। यद्धपी गाडी अन्त्यन्त पुरानो अवस्थामा रहेकाले प्राविधिक समस्याका कारण दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ। घटनापश्चात पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, उपप्रमुख मञ्जुदेवी गुरुङ, कास्की प्रहरी प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीसहितको टोलीले घटनास्थलको स्थलगत अवलोकन गर्नुका साथै घाईते तथा मृतकका आफन्त भेटेका थिए।

**महानगरले बनायो ५ सदस्यीय छानविन समिति**

यसैबीच, पोखरा महानगरपालिकाले स्कुल बस दुर्घटनाको छानविनका लागि बरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदीको संयोजकत्वमा गठीत समितिको सदस्यहरुमा मेकानिकल ईञ्जिनियर सरोज चालिसे, महानगर शिक्षा समिति सदस्य डोलराज पाण्डे, नगर प्रहरी निरीक्षक पुरुषोत्तम थापा र ट्राफिक प्रहरी सहायक निरीक्षक अमृत भट्टराई रहेका छन्। समितिलाई घटनाको कारणसहित सत्यतथ्य छानविन गरि प्रतिवेदन बुझाउन भनिएको छ । विद्यालय बसको अवस्था, विद्यार्थीको सुरक्षित आवागमनसँगै आगामी दिनमा अप्नाउनुपर्ने सावधानीका बारेमासमेत सुझाव पेश गर्न छानविन समितिलाई निर्देशन दिइएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिए।

## विन्ध्यवासिनीमा नवदुर्गा महोत्सवको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज



पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा यस वर्षको नवदुर्गा महोत्सव घटस्थापनादेखि महानवमीसम्म विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रमसहित आयोजना हुने भएको छ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले आज पोखरामा पत्रकार सम्मेलन आयोजना गरी नवदुर्गा महोत्सव र ज्ञान महायज्ञका बारेमा जानकारी दिएको हो । महोत्सवअन्तर्गत विन्ध्यवासिनी नवदुर्गा शोभायात्रा र श्रीमद् देवीभागवत ज्ञान महायज्ञ मुख्य आकर्षणका रूपमा रहनेछ । समितिका अनुसार विजयादशमीको अवसरमा २०६४ सालदेखि नवदुर्गा महोत्सव आयोजना हुँदै आएको छ । विसं २०८१ मा सरकारले राष्ट्रिय शोक बिदा घोषणा गरेको तथा २०८२ साल भदौ २३ र २४ गते भएको नवपुस्ताको आन्दोलन र त्यसपछिको विषम परिस्थितिका कारण पूर्वतयारी प्रभावित भएपछि दुई वर्ष विन्ध्यवासिनी नवदुर्गा शोभायात्रा स्थगित भएको थियो।

यस वर्ष भने नवदुर्गा महोत्सव तथा श्रीमद् देवीभागवत ज्ञान महायज्ञलाई निरन्तरता दिइने समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार घटस्थापनाको दिन बिहान विन्ध्यवासिनी पार्कबाट शोभायात्रा सुरु हुनेछ। शोभायात्रा मोहोरियाटोल, भैरवटोल, भीमसेनटोल, नालामुख, तेर्सापट्टी, पालिखेचोक, महेन्द्रपुल, चिप्लेढुङ्गा, सिद्धार्थचोक, रामकृष्णटोल, गणेशटोल, नालामुख, भैरवटोल हुँदै विन्ध्यवासिनी मन्दिरको प्राङ्गणमा पुगेर समापन हुनेछ।

त्यसैगरी महायज्ञतर्फ सोही दिनदेखि सङ्गीतमय कथा प्रवचन, भजनकीर्तन तथा सङ्गीतमय कथा प्रवचन सञ्चालन हुनेछ। प्रत्येक दिन साँझ ६:०० बजे महाआरती गरिने समितिले जनाएको छ । विजयादशमीको अवधिभर मन्दिरमा नित्य पूजा बिहान ४:०० बजेदेखि सुरु हुने र भक्तजनका लागि दर्शन गर्न मन्दिर बिहान ५:०० बजेदेखि खुला गरिनेछ। महायज्ञमा गणेश पर्वत पौडेल कथावाचक तथा स्वामी निर्भयानन्द र अनकुल ढकाल उपवाचक रहनुहुने छ।

महोत्सवलाई व्यवस्थित, सुरक्षित र भव्य रूपमा सम्पन्न गर्न आवश्यक तयारी अघि बढाइएको छ। समितिले महोत्सवका क्रममा धार्मिक पर्यटन प्रवर्द्धनसँगै स्वास्थ्य, सामाजिक सेवा, संस्कृति संरक्षण तथा स्थानीय समुदायको सहभागितालाई प्राथमिकता दिएको जनाएको छ । समितिले महोत्सव केवल एउटा धार्मिक कार्यक्रम नभई विन्ध्यवासिनी क्षेत्रको धार्मिक, सांस्कृतिक, सामाजिक तथा ऐतिहासिक महत्वलाई उजागर गर्ने अवसरका रूपमा लिएको छ । धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, परम्पराको पुस्तान्तरण र सामाजिक सेवाका गतिविधिलाई थप प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो।

विन्ध्यवासिनी धार्मिक क्षेत्र पोखराको धार्मिक आस्थाको केन्द्र मात्र नभई गलेश्वर-मुक्तिनाथ जाने धार्मिक यात्राको मुख्य प्रवेशद्वार रहेकाले यसको संरक्षण र विकासलाई समग्र गण्डकी प्रदेशको धार्मिक पर्यटनसँग जोडेर अघि बढाउनुपर्नेमा समितिले जोड दिएको समितिका महासचिव सुशीला बराल रेग्मीले जानकारी दिनुभयो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बाढीपहिरोबाट अन्नपूर्णका दुई सय घरपरिवार प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

यही असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीपहिरो र कालीगण्डकी नदीको कटानले म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा ठूलो जनधनको क्षति पुर्याएको छ।

विपद्मा परी छ जनाको मृत्यु भएको छ भने ६० घर पूर्ण र १२९ घर आंशिक रूपमा क्षतिग्रस्त भएका गाउँपालिकाले जनाएको छ । गाउँपालिकाकी उपाध्यक्ष दिवाकुमारी तिलिजाका अनुसार विपद्बाट विस्थापित परिवारलाई सुरक्षित राख्न तीन स्थानमा अस्थायी आश्रयस्थल निर्माण गरिएको छ। वडा नं ६ घारस्थित वडा कार्यालयमा रहेको आश्रयस्थलमा पाउद्वारका ९४ जना, शिखमा रहेको आश्रयस्थलमा किन्दु र धस्केखोरका ९१ जना तथा काफलडाँडाको सिरुबारीस्थित आश्रयस्थलमा महभीरका ७० जनालाई राखिएको छ।

तीनवटा आश्रयस्थलमा गरी २५५ जना प्रभावितले आश्रय लिएका छन् । थप १५६ जना प्रभावित आफन्त तथा छिमेकीको घरमा बसेका छन्। गाउँपालिकाले त्रिपाल र टेन्टको व्यवस्था गरी प्रभावितलाई अस्थायी बसोबासको प्रबन्ध मिलाएको उपाध्यक्ष तिलिजाले बताउनुभयो।

विपद्पछि सडक, विद्युत् र सञ्चार सेवा लामो समयसम्म अवरुद्ध हुँदा प्रभावित बस्तीमा दैनिक उपभोग्य सामग्री पुर्याउन कठिन भएको छ । नेपाली सेनाको हेलिकप्टरमार्फत ढुवानी गरिएका सामग्रीसमेत सकिन थालेका छन् । आश्रयस्थलसम्म पुग्ने सडक अवरुद्ध हुँदा राहत वितरणमा समस्या भएको गाउँपालिकाले जनाएको छ। नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रले क्षतिग्रस्त विद्युत्का पोल तथा वितरण लाइन मर्मत गरेपछि ११ दिनपछि गाउँपालिका केन्द्र पोखरेबगर, नागी, राम्चे, भुरुङतातोपानी र दानालगायत क्षेत्रमा विद्युत् सेवा सञ्चालनमा ल्याएको छ। शिख र घोडेपानीलगायतका बस्तीमा भने अझै विद्युत् सेवा सञ्चालन हुन सकेको छैन । विद्युत् तथा सञ्चार सेवा अवरुद्ध हुँदा स्थानीयको जनजीवन कष्टकर बनेको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो । गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक स्रोतको अभाव भएपछि सहयोगको अपिल गर्नुपरेको बताउनुभयो । उहाँका अनुसार कालीगण्डकी नदीको कटानका कारण गाउँपालिकाको महभीरदेखि मुस्ताङको सीमासम्मका बस्तीको संरक्षण गर्नु चुनौतीपूर्ण बनेको छ । बाढीपहिरोले बेनी-जोमसोम-कोरला सडकअन्तर्गत गाउँपालिकाका विभिन्न स्थानमा सडक कटान तथा पहिरोको समस्या निम्त्याएको छ। सडक अवरुद्ध हुँदा प्रभावित बस्तीमा राहत सामग्री पुर्याउन र आवतजावत गर्न कठिनाइ भएको छ। घर, गोठ, खानेपानी आयोजना, सिँचाइ, कृषि क्षेत्र तथा सार्वजनिक संरचनामा पुगेको क्षतिले स्थानीयको जनजीवन र जीविकोपार्जनमा समेत असर पारेको छ।

प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै जोखिममा रहेका बस्तीको प्राविधिक अध्ययन गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने आवश्यकता रहेको अध्यक्ष पुनले बताउनुभयो । क्षतिग्रस्त सडक, खानेपानी, विद्युत् तथा अन्य पूर्वाधारको पुनर्निर्माणका लागि ठूलो लगानी आवश्यक पर्ने भएकाले गाउँपालिकाको स्रोतसाधनले मात्रै सम्भव नहुने उहाँको भनाइ छ । अध्यक्ष पुनले विपद् उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा सहयोग गर्न चाहने सङ्घीय, प्रदेश तथा स्थानीय सरकार, विभिन्न सङ्घसंस्था, उद्यमी, व्यवसायी तथा सहयोगी व्यक्तिलाई गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा आर्थिक सहयोग गर्न आग्रह गर्नुभएको छ । गाउँपालिकाले कोषमा उपलब्ध क्युआर कोडमार्फत पनि सहयोग गर्न सकिने व्यवस्था मिलाएको उहाँले जानकारी दिनुभयो।

बाढीपहिरोबाट प्रभावित परिवारको सुरक्षित बसोबास, जोखिमयुक्त बस्तीको संरक्षण तथा स्थानान्तरण र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणलाई प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ। यी कार्यका लागि सङ्घीय तथा प्रदेश सरकारबाट आवश्यक सहयोगको अपेक्षा गरिएको अध्यक्ष पुनले बताउनुभयो।




# सहारामा चित्रकला प्रतियोगितामा महेन्द्र मावि प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असोज

पोखरा -९, बसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयले पोखरा मनपा वडा नं ९ मा रहेका सामुदायिक विद्यालयहरु माझ चित्रकला प्रतियोगिता सञ्चालन गरेको छ।




पोखराको प्राकृतिक सुन्दरता शिर्षकमा आयोजना गरेको चित्रकला प्रतियोगितामा महेन्द्र मा.वि कि छात्रा सुजिता वि.कले प्रथम, सहारा बाल आधारभूत विद्यालयका छात्र रोहित तामाङले दोस्रो र नवप्रभात मा.वि. की छात्रा रेजिना परियारले तृतीय स्थान हाँसिल गरे। विजेतालाई नगद, प्रमाणपत्र, ट्रफी र खादा सहित कार्यक्रमका प्रमुख अतिथि नन्दराम गिरिले पुरस्कार प्रदान गरेका थिए। कार्यक्रममा विद्यालयका शिक्षक शान्ति सुवेदीले स्वागत मन्तव्य राखेकी थिइन्। वडा नं ९ का वडा सदस्य नन्दराम गिरिले बालबालिकाहरुलाई कक्षाकोठामा मात्र केन्द्रित नगरि प्रतिभा प्रष्फुटनका लागि विभिन्न क्रियाकपाल गर्न वडाको सदैव साथ र सहयोग रहने धारणा राख्दै नजिकिदै गरेको दशै, तिहार, नेपाल सम्वत र छठ पर्वहरुको पनि शुभकामना व्यक्त गरे।

विद्यालयका अध्यक्ष मान बहादुर तामाङको अध्यक्षतमा सञ्चालन भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रुद्र बहादुर कार्कीले प्रतियोगिता आफ्नो विद्यालयमा आयोजना गर्न पाउँदा खुशी व्यक्त गर्दै यस्ता प्रतियोगिताले विद्यार्थी र शिक्षकहरुमाझ नयाँ अभ्यास हरुको आदनप्रदान गर्ने सकिने वताए। सोहि क्रममा विद्यार्थीहरुलाई नजिकिदै गरेको दशैं लगाएतका पर्वको शुभकामना व्यक्त गर्दै सम्पूर्ण विद्यार्थीहरुलाई टिका लगाएर शुभकामना दिए।

निर्णायक मण्डलका सदस्य महेन्द्र खनाल, विद्यालयकी छात्रा सुमित्रा थापाले पनि मन्तव्य राखेको कार्यक्रम विद्यालयका शिक्षक सुदिप कोइरालाले सञ्चालन गरेका थिए भने कार्यक्रममा महेन्द्र मा.विका प्र.अ रामदत्त पौडेल, नवप्रभात मा.विका शिक्षक दिपक राज गिरि, छिमेकी विद्यालयका प्र.अ. शिक्षक, लगएत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

# एन्फाका अध्यक्षसहित चारजनाविरुद्ध आर्थिक अनियमितता एवं खेल मिलेमतो गरेको कसुरमा मुद्दा दायर

**रासस**
काठमाडौं, २३ असोज

जिल्ला सरकारी वकिलको कार्यालय ललितपुरले निलम्बित अखिल नेपाल फुटबल सङ्घ(एन्फा)का पदाधिकारीविरुद्ध भ्रष्टाचार, ठगी र खेलमा मिलेमतोसम्बन्धी कसुरमा मुद्दा दायर गरेको छ।

बिहीबार सरकारी वकिलको कार्यालयले ललितपुर जिल्ला अदालतमा एन्फाका अध्यक्ष पङ्कजविक्रम नेम्वाङ, महासचिव किरण राई, कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो। प्रतिवादीमध्ये कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डे हिरासतमा छन् भने अध्यक्ष नेम्वाङ र महासचिव राई फरार छन्। एन्फामा आर्थिक अनियमितता, म्याच फिक्सिङ (खेल मिलोमतो) र फिफा विश्वकपका टिकट अपचलन गरेको आरोपमा उनीहरुविरुद्ध मुद्दा दायर भएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ। सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रअनुसार उनीहरूविरुद्ध रु ९३ लाख ९०० बिगो कायम गरिएको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले एन्फामा भएको आर्थिक अनियमितताlगायतका विषयमा अनुसन्धान गरेको थियो।

फिफा विश्वकप, २०२६ र एएफसी एसियन कप छनोटअन्तर्गत सन् २०२४ मार्च २१ मा काठमाडौंको दशरथ रङ्गशालामा हुनुपर्ने नेपाल र बहराइनबीचको घरेलु मैदानको खेल नियतवश बहराइनमा सारिएको अभियोगमा उल्लेख गरिएको छ। उक्त खेल बहराइनमा खेलाएबापत त्यहाँको फुटबल सङ्घबाट टिकट बिक्रीको राजस्वअन्तर्गत एन्फाले पाउनुपर्ने २० हजार अमेरिकन डलर संस्थाको बैंक खातामा दाखिला नगरी अपचलन गरेको अनुसन्धानबाट देखिएको अभियोग पत्रमा उल्लेख छ। भियोगपत्रमा रु १० लाखभन्दा माथिको खरिदमा अनिवार्य टेन्डर प्रक्रिया अपनाउनुपर्नेमा एउटै स्वामित्वका तीनवटा नक्कली फर्महरू खडा गरी कोटेशनमार्फत खेल सामग्री खरिद गरिएको पाइएको अनुसन्धानमा देखिएको छ। एन्फाको आर्थिक कार्यविधि, २०७५ अनुसार १० लाखभन्दा बढीको खरिदमा टेन्डर प्रक्रिया अपनाउनुपर्ने हुन्छ।

फिफाले सन् २०२६ को विश्वकपका लागि एन्फालाई उपलब्ध गराएको ३३० थान अनलाइन टिकट पारदर्शी रूपमा वितरण नगरी कालोबाजारी र व्यक्तिगत रूपमा किनबेच गराएको पनि अभियोगमा उल्लेख छ। शेर्पा आउटडोरसँग भएको प्रायोजन सम्झौताबमोजिम एन्फाको खातामा आउनुपर्ने रकम संस्थाको खातामा नहाली महासचिव किरण राईले रु २५ लाख व्यक्तिगत रूपमा बुझेर अपचलन गरेको पनि अनुसन्धानबाट देखिएको छ।




# विन्ध्यवासिनीमा ...

समितिले महोत्सवका क्रममा ठूलो सङ्ख्यामा भक्तजन तथा श्रद्धालु आउने भएकाले सुरक्षा, यातायात व्यवस्थापन, स्वास्थ्य सेवा, सरसफाइ, खानेपानी, विद्युत्, विपद् व्यवस्थापन तथा भीड व्यवस्थापन प्रभावकारी बनाउन सम्बन्धित सबै निकायसँग समन्वय गरिने जनाएको छ।

समितिले महोत्सवलाई शान्तिपूर्ण, सुरक्षित, सभ्य, भव्य र मर्यादित रूपमा सम्पन्न गर्न सबै पक्षसँग सहयोग र सहकार्यका लागि आग्रह गरेको छ। पत्रकार, सरकारी निकाय, सुरक्षा निकाय, धार्मिक सङ्घसंस्था तथा स्थानीय समुदायको सुझाव, मार्गदर्शन, समन्वय र सहयोगले महोत्सवलाई थप व्यवस्थित बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको समितिले जनाएको छ।

अज्ञात समयदेखि शक्तिपीठका रूपमा पूजा हुँदै आएको हालको विन्ध्यवासिनी मन्दिर अढाई शताब्दी पुरानो रहेको अनुमान गरिएको छ।

यसको स्थापना कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहको पालामा भएको भनाइ छ। मन्दिरको संरक्षण, विकास र प्रवर्द्धन गर्ने उद्देश्यले २०४३ सालमा विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको गठन गरिएको हो।


## विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन वजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




भत्ता वितरण : दसैंलाई लक्षित गरी तनहुँको म्याग्दे-१ वडा कार्यालयबाट शुक्रबार सामाजिक सुरक्षा भत्ता वितरण गर्रिंदै। बैंक नगई वडा कार्यालयबाट भत्ता बुझ्दा लाभग्राहीलाई सहज भएको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

# यातायात क्षेत्रका समस्या र सरोकारका बिषयमा जिसस कास्कीको अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
कास्की, २३ असोज

जिल्ला समन्वय समिति कास्कीले यातायात क्षेत्रका समस्या र सरोकारका बिषयमा सरोकारवालाहरूसंग शुक्रवार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।



कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नुभएको थियो। पौडेल यातायात क्षेत्रमा देखिएका समस्या र तिनीहरुको समाधान गर्ने तथा सेवाग्राहीका गुनासा समाधान गर्ने हेतुले कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो। प्रमुख पौडेलले यातायात ब्यबस्थित हुन चालक सह चालक ब्यबस्थापन, सडक पार्किङ ब्यबस्थापन, सडक दुर्घटना ब्यबस्थापन, सबारी प्रदुषण ब्यबस्थापन, अपाङ्ग र प्रबिधिमैत्री यातायात सहित सचेतनामा जोड दिन आग्रह गर्दै सडकमा दुर्घटना न्यूनीकरण गरेर यात्रूमैत्री बिकृती रहित यातायात क्षेत्र निर्माणका लागि सबैको सामुहिक प्रयासमा जोड दिनुभयो। रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले सडक र यात्रा सुरक्षित बनाउनेतर्फ आफ्नो नीति तथा कार्याक्रम कार्यान्वयन भैरहेको जानकारी दिदै देखिएका कमजोरी तत्काल सुधार्ने प्रयत्न भएको उल्लेख गर्नुभयो। गण्डकी प्रदेश सरकारका भौतिक पूर्बाधार तथा यातायात मन्त्रालयका सचिब नवराज शर्माले स्थानिय यातायात ब्यबस्थापनका लागि स्थानिय तहका सरकार सहित ब्यबस्थापन हेर्ने सरकारी संस्थालाई बढी भन्दा बढी जिम्मेवार बनाउन प्रयास भएको उल्लेख गर्दै प्राप्त गुनासा र सुझावलाई प्रभाबकारीताका साथ कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा सहभागीबाट समयमा सवारी अनुमति नबिकरण नहुनु, सबारी चाप बढी हुँदा ब्यबस्थापनमा असहज भएको, सबारीहरूको तिब्रगति र ओभरटेक, बस स्टप ब्यबस्थित हुन नसकेको, घुम्तीमा लेन्सको ब्यबस्थापन, लेन अनुसासनका लागि कार्य गर्न, मालबाहक सबारीको पार्किङ ब्यबस्थापन लगायतका सुझाव प्राप्त भएको जिल्ला समन्वय अधिकारी नवराज बरालले बताउनुभयो।

नागरिक समाजका अगुवा राम बहादुर पौडेलले सडक ब्यबस्थित बनाउन चालकहरू पहिले अनुसासित हुनुपर्ने कुरामा जोड दिनुभयो। कार्यक्रममा यातायात ब्यबस्थापनका समस्या, चुनौती र समाधानका प्रयासका सन्दर्भमा यातायात ब्यबस्था कार्यालय गण्डकीका प्रमुख ढाकाराम शर्माले अबधारणा प्रस्तुत गर्नुभएको थियो। शर्माले सबारी संख्यामा वृद्धि, सडक पुर्बाधारको स्तरोन्नति नहुनु, आधुनिक सडक पूर्बाधारको कमि, पर्याप्त पार्किङ अभाब, बैज्ञानिक बाटो इजाजत ब्यबस्थापन, सडक किनार अतिक्रमित हुनु, सबारी प्रदुषणको अबस्था बढ्नु र लापरबाहीपूर्ण सबारी साधन संचालन हुनु, केही स्थानमा ब्यनसायीहरू बिचको अस्वस्थ प्रतिस्पर्धा प्रमुख समस्याको रूपमा देखिएको उल्लेख गर्दै समाधानका लागि भएका प्रयासको बारेमा जानकारी दिनुभएको थियो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, यातायात ब्यबस्था कार्यालय, यातायात ब्यबसायी तथा सम्बद्ध संघ संस्थाका प्रमुख, नागरिक समाज ,उपभोक्ता मन्च, कास्कीका पालिकाहरूका प्रशाशकिय अधिकृत र प्रतिनिधि र संचारकर्मीहरूको उपस्थिति रहेको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको सूचना अधिकारी लक्ष्मु शर्माले जानकारी दिनुभयो।

# कोरलानाकाबाट ५४३ टन फलफूल आयात

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २३ असोज

चीनबाट एघार दिनको अवधिमा पाँच सय ४३ टन फलफूल आयात भएको छ।

नेपाल-चीन उत्तरी कोरलानाकाबाट उक्त फलफूल आयात भएको हो। कोरलास्थित लोमान्थाङ-४ न्हेचुङस्थित क्वारेन्टाइन कार्यालयका अनुसार भारी वर्षा र हिमपातपछि कोरलानाकाबाट उक्त परिमाणमा चिनियाँ फलफूल भित्रिएको जनाएको हो।

क्वारेन्टाइन कार्यालयका प्राविधिक सहायक बन्दना घर्तीमगरका अनुसार पछिल्लो एघार दिनमा कोरलानाका हुँदै स्याउ ८७ दशमलव ३०० टन, आँप १६ दशमलव १०० टन र ड्रागन फ्रुट आठ दशमलव ३१६ टन चिनियाँ फलफूल नेपाल भित्रिएको हो। भारी वर्षा र हिमपातपछि असोज ११ गतेदेखि बेनी-जोमसोम-कोरला सडक पूर्ण रुपमा अवरुद्ध हुँदा कोरलानाकाबाट नेपाल भित्रिएका चिनियाँ फलफूलजन्य मालवस्तु गन्तव्यतर्फ लैजान कठिनाइ भइरहेको छ। आयात भएका चिनियाँ फलफूलजन्य मालवस्तु लामो समयसम्म कन्टेनरभित्र गुम्सिएर रहँदा सड्ने र बिग्रने जोखिमसमेत बढेको छ। यसैबीच, मुस्ताङको जोमसोममा बिहीबार एक कन्टेनरमा ढुवानी गरिएको ड्रागन फ्रुट स्थानीयलाई वितरण गरिएको थियो। करिब रु २४ लाख ५० हजार मूल्य बराबरको ड्रागन फ्रुट समयमै गन्तव्यमा पुर्याउन नसकेपछि मुस्ताङको जोमसोममा स्थानीयलाई वितरण गरेको कम्पनीका प्रतिनिधि सुवास सुनुवारले जानकारी दिनुभयो।

उहाँले कन्टेनरमा करिब आठ टन चिनियाँ ड्रागन फ्रुट रहेकोमा कुहिनुभन्दा स्थानीयलाई वितरण गरेको जानकारी दिनुभयो।

योसँगै ड्रागनको मूल्य, कन्टेनर भाडा र भन्सार राजस्व गरी अनुमानित रु ३० लाखको फलफूल क्षति भएको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बाढीले पुलमा क्षति पुर्‍याएपछि यातायात ठप्प, पर्यटन र व्यापारमा असर

**रासस**
बागलुङ, २३ असोज



चाडबाडको समयमा पछिल्ला केही वर्षयता बागलुङका विभिन्न गन्तव्यमा पर्यटक भरिभराउ हुन्थे । आर्थिक गतिविधि बढ्थ्यो । रोजगारी विस्तार भएको थियो । यस वर्ष पनि त्यस्तै अपेक्षामा रहेका व्यवसायी भने निरास र खिन्न छन् । मुख्य सडक सम्पर्कविच्छेद हुँदा पर्यटन र व्यापार व्यवसाय प्रभावित भएको छ ।

दसैँको समयमा कालिका मन्दिर, पञ्चकोट हुँदै ढोरपाटनसम्म घुम्न आउने पर्यटकले बागलुङका होटल भरिभराउ हुने गरे पनि यस वर्ष बजार तथा होटलमा अपेक्षित चहलपहल देखिएको छैन । बागलुङ प्रवेश गर्ने मुख्य नाका मालढुङ्गा पुलको पहुँचमार्ग बाढीले बगाएपछि १२ दिनदेखि सिधा यातायात ठप्प भएको छ । त्यसको प्रत्यक्ष असर पर्यटन, व्यापार र सर्वसाधारणको जीवनमा पर्न गएको छ । यही असोज ११ गतेको कालीगण्डकीको बाढीले पर्वततर्फको पुलको पहुँचमार्ग बगाएपछि बागलुङ र पर्वतबीचको नियमित सडक सम्पर्कविच्छेद भएको छ । मालढुङ्गा हुँदै म्याग्दी र मुस्ताङ जाने मुख्य सडक अवरुद्ध हुँदा त्यसको प्रभाव बागलुङको पर्यटन व्यवसायमा परेको छ ।

पर्यटकीय गन्तव्यमा जाने पर्यटकका लागि बागलुङ प्रवेशद्वारका रूपमा रहेको छ । होटल व्यवसायी एन्जील शाक्यले दसैँको मुखमा होटलमा पर्यटकको चाप बढ्नुपर्ने भए पनि सुनसान रहेको बताउनुभयो । "मुख्य सडक नै छैन, पर्यटक कसरी आउँछन् ? मुस्ताङसँग सडक सम्पर्क नै विच्छेद भएको छ । मुस्ताङको प्रभावले बागलुङको होटल व्यवसाय चलायमान हुन्थ्यो", उहाँले भन्नुभयो, "पुल सञ्चालनमा आउन जति ढिला हुन्छ, होटल व्यवसायी त्यति नै मारमा पर्छन् । वैकल्पिक बाटोबाट पर्यटक कमै आउने गरेका छन् । मुस्ताङ जाने सडक र मालढुङ्गा पुल नखुल्दासम्म होटल व्यवसायमा ठूलो नोक्सानी हुने देखिन्छ ।"

भारत र चीनलाई जोड्ने कालीगण्डकी करिडोर तथा पहाडी क्षेत्र हुँदै गएको मध्यपहाडी लोकमार्गको महत्त्वपूर्ण सङ्गमस्थल मालढुङ्गा भएकाले यहाँको सडक अवरोधले बागलुङसँगै पश्चिम क्षेत्रको आवागमनमा असर पारेको छ ।

**वैकल्पिक मार्गले बढायो ढुवानी खर्च**

मुख्य सडक अवरुद्ध भएपछि अहिले फलेवास-बलेवा हुँदै बागलुङ तथा मालढुङ्गा-बेनी हुँदै बागलुङसम्म वैकल्पिक मार्गबाट यात्रुवाहक बस र साना मालवाहक सवारी सञ्चालन भइरहेका छन् ।

लामो र घुमाउरो वैकल्पिक बाटो प्रयोग गर्नुपर्दा ढुवानीमा समय र खर्च दुवै बढेको व्यवसायीको भनाइ छ । यसको प्रत्यक्ष प्रभाव दैनिक उपभोग्य वस्तुको मूल्यमा पर्न थालेको छ । ग्यास ढुवानीमा वैकल्पिक मार्ग प्रयोग गर्दा प्रतिसिलिन्डर रु १५० देखि रु १७० सम्म अतिरिक्त ढुवानी खर्च लाग्न थालेको ग्यास विक्रेता हरि आचार्यले बताउनुभयो । ढुवानी खर्च बढेपछि बजारमा ग्यासको मूल्य रु १०० ले बढाउनुपरेको उहाँको भनाइ छ ।

सडक अवरुद्ध हुँदा समयमै आपूर्ति हुन नसकेपछि बागलुङमा तरकारीलगायत खाद्यवस्तुको आपूर्तिमा समस्या देखिन थालेको छ । पेट्रोलियम पदार्थ, खाद्यान्न, लत्ताकपडा र अन्य उपभोग्य वस्तुको आपूर्ति नियमित हुनसकेको छैन ।

मुख्य सडक अवरुद्ध हुँदा सर्वसाधारणको दैनिक जीवनसँगै स्वास्थ्य सेवामा असर परेको छ । गम्भीर बिरामी तथा नियमित उपचारका लागि पोखरा जानैपर्ने सर्वसाधारणले वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने वा केही दूरी पैदल हिँड्नुपर्ने अवस्था आएको छ ।

**दसैँअघि पुल सञ्चालनको तयारी**

सडक डिभिजन कार्यालय पोखराले दसैँअघि नै मालढुङ्गा पुलको पहुँचमार्ग सञ्चालनमा ल्याउने गरी काम तीव्र पारेको छ । पुलको पहुँचमार्गमा करिब ३० मिटर सडक बाढीले क्षति पुर्‍याएपछि मर्मत तथा पुनःस्थापनाको काम भइरहेको छ ।

सडक डिभिजन कार्यालय पोखराका प्रमुख कृष्णराज अधिकारीले चाडपर्व नजिकिँदै गएको र बागलुङमा खाद्यान्न, ग्यासलगायत अत्यावश्यक वस्तुको आपूर्तिमा असर पर्न थालेकाले चौबीसै घण्टा काम गरेर पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको बताउनुभयो ।

कुल ११४ मिटर लामो मालढुङ्गा पुलको पहुँचमार्गमा क्षति पुगेपछि दुई जिल्लाबीचको नियमित सडक सम्पर्कविच्छेद भएको हो । यही मार्ग हुँदै मध्यपहाडी लोकमार्गमा जोडिएर बागलुङसँगै पूर्वीरुकुम र रोल्पातर्फ जाने यातायात प्रभावित भएको छ । पुल सञ्चालनमा आएपछि लामो समयदेखि प्रभावित व्यापार, पर्यटन र दैनिक उपभोग्य वस्तुको आपूर्ति क्रमशः सहज हुने अपेक्षा गरिएको छ ।

# म्याग्दीका छवटै स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ असोज

नेपाल सरकारले म्याग्दी जिल्लाका छवटै स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभामा सदस्य एवं विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले आज नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जिल्लाका सबै स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको जानकारी दिनुभएको हो ।

"बेनी नगरपालिका तथा अन्नपूर्ण, रघुगङ्गा, मङ्गला, मालिका र धवलागिरि गाउँपालिका विपद् सङ्कटग्रस्त क्षेत्रमा परेका छन", मन्त्री पुनले भन्नुभयो, "क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण र विपद् प्रभावित बस्तीको पुनर्स्थापनाका लागि सरकारले पर्याप्त स्रोतको व्यवस्थापन गर्नेछ ।"

मन्त्री पुनका अनुसार गण्डकी प्रदेशका म्याग्दीबाहेक गोरखा, मनाङ, बागलुङ, पर्वत र नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लाका स्थानीय तह तथा केही वडासमेत गरी २० स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको छ ।

गोरखाको शहिद लखन गाउँपालिकाका वडा नं ३ र ४, मनाङका चामे गाउँपालिका, नासों गाउँपालिका तथा मनाङ डिस्याङ गाउँपालिकाका वडा नं १ र ४ विपद् सङ्कटग्रस्त क्षेत्रमा परेका छन् ।

त्यसैगरी बागलुङका निसीखोला गाउँपालिकाका वडा नं ४ र ६, बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिकाका वडा नं २ र ४ तथा ताराखोला गाउँपालिका, पर्वतको जलजला गाउँपालिका, फलेवास नगरपालिकाका वडा नं २, ३, ७, ८, १० र ११, बिहादी गाउँपालिका वडा नं ६, महाशिला गाउँपालिकाका वडा नं ५ र ६ तथा मोदी गाउँपालिकाका वडा नं २ र ३ विपद् सङ्कटग्रस्त क्षेत्रमा परेका छन् ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को सुस्ता गाउँपालिका वडा नं ५ पनि विपद् सङ्कटग्रस्त क्षेत्र घोषित भएको छ । सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विभिन्न भूभागमा भएको भारी तथा अतिभारी वर्षाका कारण सिर्जित बाढी तथा पहिरोबाट अति प्रभावित क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको हो । ऐनअनुसार सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको सीमा र अवधि तोकेर विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था छ । यही असोज ८ देखि ११ गतेसम्मको निरन्तर वर्षापछि आएको बाढीपहिरोले म्याग्दीमा सात जनाको मृत्यु, दुई जना बेपत्ता हुनुका साथै सडक, निजी आवास, सिँचाइ, नदी नियन्त्रण, खानेपानी, विद्युत्, जलविद्युत्, सञ्चार, पदमार्गलगायत भौतिक पूर्वाधारको क्षेत्रमा ठूलो क्षति पुगेको छ । विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएपछि प्रभावित क्षेत्रमा उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका कामलाई प्राथमिकताका साथ अघि बढाउन सरकारलाई कानुनी आधार तयार भएको र थप सहज हुने म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले जानकारी दिनुभयो ।

# पोखरेबगर पुलको पहुँचमार्ग जोडियो, हलुका सवारीसाधन चल्न थाले

**रासस**
म्याग्दी, २३ असोज

बेनी-जोमसोम-कोरला सडकअन्तर्गत कालीगण्डकी नदीको बाढीले बगाएको म्याग्दीको पोखरेबगर पुलको पहुँचमार्ग ११ दिनपछि पुनःजोडिएको छ ।

बाढीले अन्नपूर्ण गाउँपालिका-२ र ६ को सिमानामा रहेको पुलको पोखरेबगरतर्फको करिब २० मिटर पहुँचमार्ग बगाएको थियो ।

बगाएको पक्की पहुँचमार्गको विकल्पमा जगमा ग्यावीयन पर्खाल निर्माण गरी ढुङ्गामाटो भरेर बिहीबार साँझ सडक जोडिएको बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो ।

पहुँचमार्ग जोडिएपछि बिहीबार साँझदेखि परीक्षणका रूपमा अत्यावश्यक हलुका सवारीसाधन सञ्चालनमा ल्याइएको छ ।

सडकलाई पूर्ण रूपमा सञ्चालनयोग्य बनाउन सतह मिलाउनेलगायत बाँकी काम शनिबारसम्म सम्पन्न गर्ने लक्ष्य रहेको शर्माले बताउनुभयो ।

# जेसीजको दौड प्रतियोगितामा बागलुङका कार्की विजयी

**रासस**
म्याग्दी, २३ असोज

बेनीमा शुक्रबार सम्पन्न साविक धौलागिरि अञ्चल स्तरीय १० किलोमिटर दौड प्रतियोगितामा बागलुङका बादल कार्की विजयी भएका छन् ।

म्याग्दी जेसीज स्थापना भएको १० हजार दिन पूरा भएको अवसरमा आयोजना गरिएको प्रतियोगितामा १९ मिनेट ५७ सेकेन्डमा निर्धारित दूरी पार गर्दै कार्की विजयी भएका हुन् ।

बागलुङकै सक्षम बोहोरा दोस्रो, सोदीप सुवेदी तेस्रो, म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतिका मुलकसिंह खत्री चौथो र धौलागिरि गाउँपालिका-७ ताकमका सदेश केसी पाँचौँ भएका छन् ।

तेइस जनाले सहभागिता जनाएको प्रतियोगिता सिङ्गा तातोपानीदेखि बेनीसम्म सञ्चालन भएको थियो । विजेता, उपविजेता र तृतीयलाई क्रमशः नगद रु १५ हजार, १० हजार र सात हजारसहित पुरस्कृत गरिएको छ ।

प्रतियोगिता संयोजक शुस्मा खत्रीका अनुसार चौथोलाई रु पाँच हजार र पाँचौँलाई रु एक हजार प्रदान गरिएको छ । म्याग्दी जेसीजले नेपाल जेसीज क्षेत्र (ख) को राष्ट्रिय खेलकुद समितिको समन्वयमा असोज १८ गते आयोजना गरिएको प्रतियोगिता मनसुनजन्य विपद्का कारण छ दिन पछाडि सारिएको थियो ।

प्रतियोगितामा विजयीहरूलाई जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठ, नेपाल जेसीजका पूर्वअध्यक्ष धनञ्जयकुमार श्रेष्ठ, म्याग्दी जेसीजका शाखा अध्यक्ष दिनेशकुमार विश्वकर्मालगायतले पुरस्कार वितरण गरेका छन् ।


**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



गण्डकी प्रदेश बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. १० साविक राङखानी गा.वि.स. वडा नं. ९ निवासी भारतीय भु.पु. सैनिक नं. ५७३६९०६ का खडक बहादुर श्रीस रानाको पत्नी गौमति श्रीस रानाको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर गौमति श्रीस राना उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन कागजातमा पत्नीको नाम थर गौमति (GAUMATI) उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर भएको व्यक्ति फरक नभई एउटै भएको भनी जैमिनी नगरपालिका, १० नं. वडा कार्यालय, राङ्खानी, बागलुङको च.नं. १९८, मिति २०८३/०६/०६ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**



**तपाईंको आज**

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# बाढीले तनहुँका आठ झोलुङ्गे र पाँच पक्की पुलमा क्षति, पुनर्निर्माणका लागि सिफारिस

**रासस**
तनहुँ, २३ असोज

यही असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षासँगै आएको बाढीपहिरोले तनहुँमा घर, सडक, पुल, खानेपानी, विद्युत्, कृषि तथा पशुपक्षीमा क्षेत्रमा क्षति पुर्याएको छ । बाढीले जिल्लाका विभिन्न स्थानमा झोलुङ्गे तथा पक्की पुल, कल्भर्ट, सडकलगायत संरचनामा क्षति पुगेको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले क्षतिग्रस्त संरचनाको तत्काल पुनर्निर्माण तथा मर्मतका लागि सम्बन्धित निकायमा सिफारिस गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय तहको विपद् व्यवस्थापन समितिको निर्णय, सम्बन्धित पालिका तथा वडाको सिफारिस, जिल्ला प्रहरी कार्यालयको सिफारिस तथा जिल्ला सुरक्षा समितिको अनुगमनका आधारमा क्षतिग्रस्त संरचना पुनर्निर्माण तथा मर्मतका लागि छोटो प्रक्रियाबाट तत्काल काम अघि बढाउन सम्बन्धित निकायलाई अनुरोध गरिएको छ ।

**पाँच झोलुङ्गे पुल पूर्ण क्षतिग्रस्त**

विपद्का कारण तनहुँका पाँच वटा झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् । घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका जोड्ने झोलुङ्गे पुल पूर्ण क्षति भएको हो । उक्त पुल पुनर्निर्माणका लागि स्थानीय पूर्वाधार विकास विभाग, ललितपुरमा सिफारिस गरिएको प्रजिअ तिवारीले बताउनुभयो ।

उहाँका अनुसार घिरिङ-१ को अत्रौलीबाट कासिवन जोड्ने झोलुङ्गे पुल पनि बाढीका कारण पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । यसको पुनर्निर्माणका लागि स्थानीय पूर्वाधार विकास विभागमा सिफारिस गरिएको छ । घिरिङ-४ र नवलपुरको बौदीकाली गाउँपालिका-२ अन्तर्गत मण्डारबाट खरसङघाट जोड्ने झोलुङ्गे पुल पूर्ण रूपमा क्षति भएको छ । उक्त पुल पुनर्निर्माणका लागि स्थानीय पूर्वाधार विकास विभागमा सिफारिस गरिएको छ ।

सोही वडाको करुवाटारबाट माइतीघाट-मचेडी जोड्ने झोलुङ्गे पुल पनि बाढीले पूर्ण रूपमा क्षति पुर्याएको प्रजिअ तिवारीले जानकारी दिनुभयो । यसैगरी देवघाट गाउँपालिका-२ र नवलपुरको बुलिङटार गाउँपालिका-१ जोड्ने खाल्टे-बुलिङटार झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त भएको प्रमुख जिल्ला अधिकारी तिवारीले बताउनुभयो ।

यी पुलहरू क्षतिग्रस्त भएपछि नदी वारपार गर्ने स्थानीय बासिन्दालाई आवतजावतमा समस्या भएको छ भने कतिपय स्थानमा विद्यालय जाने विद्यार्थीसमेत प्रभावित भएका छन् ।

**तीन झोलुङ्गे पुलमा आंशिक क्षति**

बाढीले तीन वटा झोलुङ्गे पुलमा आंशिक क्षति पुगेको छ । घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका जोड्ने पुट्टारघाट-स्याउलीबजार झोलुङ्गे पुलमा आंशिक क्षति पुगेको छ । पुलको मर्मत तथा पुनर्निर्माणका लागि स्थानीय पूर्वाधार विकास विभागमा सिफारिस गरिएको छ । त्यस्तै, घिरिङ-४ र नवलपुरको बौदीकाली जोड्ने जगौलीटार-थोत्रेनी झोलुङ्गे पुलमा आंशिक क्षति पुगेको छ । देवघाट-१ र नवलपुरको गैंडाकोट नगरपालिका-३ जोड्ने झोलुङ्गे पुलको लठ्ठा, स्ल्याब तथा जालीमा क्षति पुगेको प्रजिअ तिवारीले बताउनुभयो । पुललाई तत्काल मर्मत तथा सुरक्षित बनाउनेतर्फ प्रक्रिया अघि बढाइएको उहाँले उल्लेख गर्नुभयो ।

**पक्की पुलमा पनि क्षति**

बाढीले घिरिङ-४ र नवलपुरको बौदीकाली जोड्ने कालीगण्डकी मण्डार-खरसङघाट पक्की पुलमासमेत आंशिक क्षति पुगेको छ । पुलको पुनर्निर्माण तथा आवश्यक मर्मतका लागि सडक विभाग, बबरमहल र सडक डिभिजन कार्यालय दमौलीमा सिफारिस गरिएको प्रजिअ तिवारीले बताउनुभयो ।

**दुई कल्भर्टमा क्षति**

बाढीका कारण जिल्लाका विभिन्न स्थानमा कल्भर्टसमेत क्षतिग्रस्त भएका छन् । भिमाद नगरपालिका-४ स्थित सिंहाले कल्भर्ट पुल पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । यसको पुनर्निर्माणका लागि पूर्वाधार विकास कार्यालय तनहुँ तथा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशमा सिफारिस गरिएको छ ।

त्यस्तै, घिरिङ गाउँपालिका-४ स्थित तिरन्दी खोला कल्भर्टमा आंशिक क्षति पुगेको छ । उक्त कल्भर्टको मर्मत तथा पुनर्निर्माणका लागि पूर्वाधार विकास कार्यालय तनहुँ र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेशमा सिफारिस गरिएको प्रजिअ तिवारीले जानकारी दिनुभयो । प्रमुख जिल्ला अधिकारी तिवारीले बाढीका कारण क्षतिग्रस्त सडक, पुल, भवन तथा अन्य सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मतलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो । "स्थानीय तहको विपद् व्यवस्थापन समितिको निर्णय, सम्बन्धित पालिका तथा वडाको सिफारिस, प्रहरीको सिफारिस र जिल्ला सुरक्षा समितिको अनुगमनका आधारमा आवश्यक प्रक्रिया पूरा गरी क्षतिग्रस्त संरचनाको तत्काल पुनर्निर्माण तथा मर्मतका लागि सम्बन्धित निकायलाई अनुरोध गरिएको छ", उहाँले भन्नुभयो ।

# कालीगण्डकी पुलको तनहुँतर्फको पहुँच सडक पुनर्निर्माण हुँदै

**रासस**
दमौली, २३ असोज



अविरल वर्षाका कारण क्षतिग्रस्त तनहुँको घिरिङ र नवलपुरको बौदीकाली जोड्ने कालीगण्डकी नदीमाथिको पुलको तनहुँतर्फको पहुँच सडक पुनर्निर्माण गरिने भएको छ।

यही असोज ११ को बाढीले पहुँच सडक क्षतिग्रस्त भएपछि पुलबाट सवारीसाधन सञ्चालन हुन नसक्दा तनहुँ हुँदै नवलपुर जाने तथा नवलपुरबाट तनहुँ हुँदै पोखरा आउने सवारीसाधनको आवागमन प्रभावित हुँदै आएको छ।

कालीगण्डकीको बाढीका कारण क्षतिग्रस्त नवलपुरतर्फको पहुँच सडक निर्माण भइसके पनि तनहुँतर्फको निर्माणकार्य भने बल्ल सुरु गर्न लागिएको हो। त्यसका लागि आवश्यक उपकरण बिहीबार नै कार्यस्थलमा पुगिसकेको छ। घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले सडक डिभिजन दमौलीको समन्वयमा पहुँच सडक निर्माण सुरु गर्न लागिएको जानकारी दिनुभयो। कालीगण्डकी पुल सञ्चालनमा नआउँदा स्थानीयवासीसँगै लामो दूरीका यात्रु तथा व्यवसायी प्रत्यक्ष प्रभावित भएको बताउनुभयो। अध्यक्ष थापाले पहुँच सडक निर्माणकार्य छिटो सम्पन्न गरी पुल सञ्चालनमा ल्याइने बताउनुभयो। पुलको नवलपुरतर्फ डेढगाउँको पहुँच सडक निर्माणकार्य भने यसअघि नै सम्पन्न भइसकेको बौदीकाली गाउँपालिकाका अध्यक्ष प्रकाश ओझाले जानकारी दिनुभयो। उहाँले नवलपुरतर्फको पहुँच सडक निर्माणका लागि स्थानीयवासीले श्रमदान गरेको बताउनुभयो।

# 'लमजुङ दरबार'सँगै बाँचेको माया

**रासस**
लमजुङ, २३ असोज



'गाउँसहरमा लमजुङ दरबार...' गीतका यी शब्दसँगै लमजुङको साङ्गीतिक पहिचानका रूपमा सम्झिने नाम हो- वरिष्ठ लोकगायिका माया गुरुङ।

लामो समयदेखि लोकगीत, सङ्गीतको यात्रामा रहनुभएकी गुरुङका लागि गीत मनोरञ्जनको माध्यममात्रै बनेन, जीवन जिउने आधार र पहिचानको हिस्सा पनि बन्यो। बेँसीसहर नगरपालिका-५ नाल्मामा जन्मनुभएकी गुरुङले करिब १२ वर्षको उमेरदेखि गाउँघरका रोदी, मेलापात, विवाह तथा पूजापर्वमा गीत गाउन थाल्नुभएको थियो। त्यतिबेला गीत गाएबापत पारिश्रमिक पाइँदैनथ्यो। कतिपय ठाउँमा आवातजावत खर्चसमेत नपुग्ने अवस्था थियो। परिवार र आफन्तको साथमा उहाँको गायनयात्रा भने रोकिएन।

विसं २०४४ मा पोखरा पुगेपछि रेडियो नेपालका लोकगीत सुन्ने अवसर पाएसँगै उहाँमा पनि गीत गाउने रहर बढ्यो। अवसर खोज्दै जाँदा त्यसको एक वर्षपछि २०४५ सालमा रेडियो नेपालको 'प्रतिभा' कार्यक्रममा उहाँले गीत गाउने अवसर प्राप्त गर्नुभयो। त्यसपछि उहाँकै शब्द र स्वरका लोकगीत रेडियो नेपालमा गुञ्जिन थाले। विसं २०४५ फागुन ७ गते प्रजातन्त्र दिवसका अवसरमा रेडियो नेपालले आयोजना गरेको अञ्चलस्तरीय खुला लोकगीत प्रतियोगितामा उमा गुरुङसँग मिलेर 'गाउँसहरमा लमजुङ दरबार' गीत गाउनुभयो। प्रतियोगितामा प्रथम हुँदै स्वर्ण पदक प्राप्त गरेको उक्त गीतले उहाँलाई साङ्गीतिक क्षेत्रमा स्थापित गराउनुका साथै लमजुङको साङ्गीतिक पहिचानसमेत फराकिलो बनायो। 'सैलुङे डाँडा नाल्माको', 'माया सरर' र 'खुर्पेटो डोकोले' उहाँका चर्चित सृजना हुन्। गीतसङ्गीतको यात्रासँगै उहाँको व्यक्तिगत जीवन भने सहज रहेन। विसं २०४३ मा लेखमान गुरुङसँग पोखराको विन्ध्यवासिनी मन्दिरमा प्रेमविवाह गर्नुभएकी गुरुङले त्यसपछि पारिवारिक कठिनाइ झेल्नुपर्‍यो। घरपरिवारको जिम्मेवारी र आर्थिक अभावबीच पनि उहाँले गायनलाई छाड्नुभएन। कलाकारिताबाट मात्रै जीविकोपार्जन गर्न कठिन भएपछि पशुपालनलगायतका काम गर्नुभयो। "यत्तिका वर्ष कलाकार भएँ, मैले पैसा कमाइनँ, इज्जत र दर्शक कमाएँ, यसमा खुसी छु", उहाँले भन्नुभयो। लामो समयदेखि आफ्नै एकल साङ्गीतिक कार्यक्रम गर्ने उहाँको चाहना अब पूरा हुँदैछ। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, लमजुङ जिल्ला समितिको आयोजनामा आगामी मङ्सिर १९ गते बेँसीसहर नगरपालिका-८ स्थित फूलबारी मञ्चमा 'माया गुरुङ एकल साङ्गीतिक साँझ-२०८३' आयोजना हुँदैछ।

कार्यक्रमबाट बचत भएको रकम कलाकार कल्याण कोष स्थापनामा उपयोग गर्ने तयारी गरिएको छ। उहाँ पुराना लोकभाका र मौलिक संस्कृतिको संरक्षणसँगै नयाँ पुस्ताले आफ्ना मौलिक गीत, सङ्गीत र संस्कृतिलाई नबिर्सियोस् भन्ने चाहनुहुन्छ। समयसँगै गीत सुन्ने माध्यम र शैली फेरिए, कतिपय पुराना भाका ओझेल परे। तर उहाँको गीतसङ्गीतप्रतिको प्रेम भने उस्तै छ। "मर्ने बेलासम्म यही 'लमजुङ दरबार' गाउँदै मर्न पाऊँ। मरिसकेपछि पनि यही गीत गाएर मलाई बिदाइ गरियोस्। म नरहे पनि 'लमजुङ दरबार' गीत सधैँभरि गुञ्जिरहोस् भन्ने मेरो चाहना हो", उहाँले भन्नुभयो।

# बाढीबाट क्षतिग्रस्त सार्वजनिक संरचनामाको पुनर्निर्माण प्रक्रिया प्रारम्भ

**रासस**
दमौली, २३ असोज

हालैको बाढीबाट सार्वजनिक संरचनामा व्यापक क्षति भएको छ। क्षतिग्रस्त संरचनाको पुनःनिर्माणको प्रक्रिया पनि सम्बन्धित निकायले प्रारम्भ गरेका छन्।

जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार जिल्लाका पाँच झोलुङ्गे पुल पूर्ण र तीन वटा झोलुङ्गे पुलमा आंशिक क्षति भएको छ। केही पक्की पुल र कल्भर्टमा पनि भत्केका छन्। समितिले क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनर्निर्माण तथा मर्मतको प्रक्रिया थालेको छ।

स्थानीय तहका विपद् व्यवस्थापन समितिको निर्णय, सम्बन्धित पालिका तथा वडाको सिफारिस, जिल्ला प्रहरी कार्यालयको सिफारिस र जिल्ला सुरक्षा समितिको अनुगमनका आधारमा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण तथा मर्मत तत्काल थाल्न सम्बन्धित निकायलाई अनुरोध गरिएको समितिका अध्यक्ष शिवलाल तिवारीले जानकारी दिनुभयो। घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका जोड्ने झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त भएको छ।

घिरिङ गाउँपालिका-१ को अत्रौलीदेखि कासिवन जोड्ने झोलुङ्गे पुल, घिरिङ गाउँपालिका-४ र नवलपुरको बौदीकालीगाउँपालिका-२अन्तर्गत मण्डारदेखि खरसङ्घाट जोड्ने झोलुङ्गे पुल तथा सोही वडाको करुवाटारदेखि माइतीघाट-मचेडी जोड्ने झोलुङ्गे पुल पनि पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्। यसैगरी, देवघाट गाउँपालिका-२ र नवलपुरको बुलिङटार गाउँपालिका-१ जोड्ने खाल्टे-बुलिङटार झोलुङ्गे पुलमा क्षति भएको छ।

# विपद् प्रभावित बेनी-जोमसोम कोरला सडकमा यातायात सञ्चालनमा चुनौती

**सन्तोष गौतम**
म्याग्दी, २३ असोज



कोरलानाका जोड्ने बेनी-जोमसोम-कोरला सडक मर्मत अन्तिम चरणमा पुगे पनि नियमित, सहज र सुरक्षित यातायात सञ्चालनमा चुनौती देखिएको छ।

चीन र भारत जोड्ने कालीगण्डकी करिडोरको पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङको कोरलानाका जोड्ने २०२ किलोमिटर लामो बेनी-जोमसोम-कोरला सडक यही असोज ८ देखि ११ गतेसम्मको बाढीपहिरोका कारण क्षतिग्रस्त बनेको थियो।

विभिन्न ५० ठाउँमा पहिरो खसेको, भासिएको र १० ठाउँमा कालीगण्डकी नदीको कटानले बगाएको सडक मर्मतकार्य अन्तिम चरणमा पुगेको छ। म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ कुनौटा भिर र अन्नपूर्ण गाउँपालिकाको पोखरेबगरस्थित सडक पुलको पहुँचमार्ग तयार भएर बिहीबार साँझ अत्यावश्यक सवारीसाधन वारपार गरेका छन्। कालीगण्डकीको बाढीले बगाएको कुनौटाको सडक र पोखरेबगर पुलको पहुँचमार्ग निर्माणमा चुनौती देखिएको थियो।

इन्धन, एम्बुलेन्स, सडक, विद्युत् र सञ्चार सेवा सञ्चालन गराउन आवश्यक उपकरण र राहत सामग्री ढुवानी गर्ने सवारीसाधनमात्र एकतर्फी रूपमा सञ्चालन गर्न सकिने अवस्थामा रहेको सडकमा थप मर्मतकार्य बाँकी रहेको बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले बताउनुभयो।

"प्रारम्भिक चरणको मर्मत भए पनि पूर्ण रूपमा पहिरो पन्छाउने, भासिएको र कटान गरेको ठाउँमा फिलिङ, लेवल मिलाउने, क्रसिङ बनाउन बाँकी छ", उहाँले भन्नुभयो, "अहिलेकै अवस्थामा यातायात सञ्चालन गर्दा अस्तव्यस्त र दुर्घटनाको जोखिम हुने भएकाले आइतबारसम्म मर्मतकार्यलाई पूर्णता दिने र आगामी सोमबारदेखि यातायात सञ्चालन गर्ने कार्ययोजना बनाएका छौँ।"

केराबारी, लामाबगर, तिल्केनीचौर, राहुपारे, सिरुवारी, कुनौटा, महभिर, भिरकाटे, धिरच्याङ, रातोपानी, तातोपानी, सुकेबगर, खामभित्ता, खहरेखोला क्षेत्रमा कालीगण्डकीले कटान र पहिरोले सबैभन्दा बढी क्षति गरेको छ।

हालै कालोपत्र सकिएको र पहिरो प्रभावित क्षेत्रमा ढलानको काम भइरहेको म्याग्दी खण्डको ३३ किलोमिटरमध्ये २० किलोमिटर बढी स्थानमा सडक क्षतविक्षत भएको सङ्घीय सडक सुपरीवेक्षण कार्यालय पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो। "चीनसँग हाल सञ्चालनमा रहेको एकमात्र कोरलानाकाका कारणले पनि सरकारले उच्च प्राथमिकतामा राखेर अवरुद्ध भएको दुई साताभित्रै यातायात सञ्चालनको तयारी गरेको भए पनि पहिलेकै अवस्थामा फर्काउन धेरै लगानी र पूर्वाधार आवश्यक पर्छ", उहाँले भन्नुभयो, "रु ८० देखि ९० करोडबराबरको क्षति भएको यो सडकलाई नयाँ डिजाइनमा पुनर्निर्माण गर्न थप रु तीन अर्ब बजेट आवश्यक पर्ने अनुमान गरेका छौँ।"

बेनी-जोमसोम-कोरला सडक योजनाका संस्थापक प्रमुखसमेत रहनुभएका सुवेदीका अनुसार योजना सुरु भएयताकै ठूलो क्षति यसपालिको बाढीले गरेको छ।

अत्यधिक वर्षाका साथै सहायक सडक भत्किएका, जलविद्युत् आयोजनाले नदी किनारमा फालेका मकिङ, कमजोर भूगोल, नयाँ पहिरो सृजना हुनु, सहायक नदीमा बाढीको सतह बढ्नुलगायतका कारण कालीगण्डकीमा बाढीको आयतन बढेर अकल्पनीय क्षति गरेको सुवेदीको भनाइ छ।

कोरलानाकामा जानेआउने मालवाहक, मुस्ताङको स्याउ र आलु निकासी, पर्यटकीय याम र दसैँतिहारलगायत ठूला चाडपर्वमा बढ्ने आन्तरिक यातायात साधनको चापले सृजना हुने चुनौतीको व्यवस्थापनका लागि आवश्यक तयारी गरिएको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो। भन्सार जाँचपास गरेर कोरलानाकाबाट दसैँलाई लक्षित गरेर आयात गरिएका सामान बोकेका ५०० भन्दा बढी कन्टेनर गन्तव्यमा पुग्ने प्रतीक्षामा मुस्ताङ र म्याग्दीका विभिन्न ठाउँमा रोकिएका छन्।

"अत्यावश्यक, ढुवानी, आन्तरिक यातायात र पर्यटक सवारीसाधनलाई प्राथमिकता निर्धारण गरेर ट्राफिक व्यवस्थापन गर्न जनप्रतिनिधि, प्रदेशस्तरका सुरक्षा अधिकारीसहितको टोलीले बिहीबार स्थलगत निरीक्षण गरेका छौँ", प्रमुख जिल्ला अधिकारी गैरेले भन्नुभयो, "सवारीसाधनको जाम हुन नदिनका लागि साँघुरा र जोखिमयुक्त ठाउँमा सुरक्षाकर्मी खटाउने विषयमा पनि छलफल भएको छ।"

अत्यावश्यक सेवा, आन्तरिक यातायात, कन्टेनर, स्याउ, आलु बजार पठाउने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने भएकाले सडकको अवस्था सहज नहुँदासम्मको लागि घुमघामका लागि आउनेलाई केही दिन योजना पछि सार्न प्रजिअ गैरेले अनुरोध गर्नुभयो।

गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जाली, जिससका कार्यवाहक प्रमुख डिलकुमारी खत्री, प्रजिअ गैरे, सङ्घीय सडक सुपरीवेक्षण कार्यालय पोखराका प्रमुख सुवेदी, नेपाली सेनाको पश्चिम पृतनाका पृतनापति उपरथी भोलानाथ थापा, गण्डकी प्रदेश प्रहरी प्रमुख डिआइजी दीपेन्द्र घर्ती क्षेत्री र सशस्त्र प्रहरी बल नं ४ मुक्तिनाथ बाहिनीका बाहिनीपति दीपेन्द्र शाह, म्याग्दीका प्रहरी नायब उपरीक्षक राजन कार्कीसहित जिल्ला तहका सुरक्षा अधिकारीले सडकमा यातायात सञ्चालनको तयारीका लागि अनुगमन गर्नुभएको थियो।

सरोकारवालाको सुझावअनुसार शुक्रबार बिहान म्याग्दी र मुस्ताङको जिल्ला सुरक्षा समितिको संयुक्त बैठक बसेर बेनी-जोमसोम-कोरला सडकमा यातायात सञ्चालन व्यवस्थित बनाउन छलफल र कार्ययोजना तयार गरिने प्रजिअ गैरेले जानकारी दिनुभयो।

# तनहुँ हुलाक कार्यालयमा अन्तरराष्ट्रिय पार्सल सेवा सुरु

**रासस**
तनहुँ, २३ असोज

आगामी दिनमा जिल्लाबाटै विभिन्न देशमा पार्सल पठाउन सकिने भएको छ।

जिल्ला हुलाक कार्यालय तनहुँले गत सातादेखि अन्तरराष्ट्रिय पार्सल सेवा सञ्चालनमा ल्याएसँगै जिल्लावासीलाई विदेशमा सामान पठाउन अन्य माध्यमबाट महँगो शुल्क तिर्नुपर्ने बाध्यता हटेको हो।

गण्डकी प्रदेशमै पहिलोपटक जिल्ला तहबाट अन्तरराष्ट्रिय पार्सल सेवा सुरु गरिएको जिल्ला हुलाक कार्यालय तनहुँका प्रमुख शिरिष उपाध्यायले जानकारी दिनुभयो। उहाँका अनुसार दुई किलोसम्मको पार्सल अष्ट्रेलिया र अमेरिका पठाउँदा रु दुई हजार ५१०, चीन र संयुक्त अरब इमिरेट्स (यूएई) पठाउँदा रु एक हजार ७९५ र जापान र बेलायत पठाउँदा रु दुई हजार ७० शुल्क तोकिएको छ। निजी क्षेत्रका कुरियर सेवाको तुलनामा हुलाकमार्फत पार्सल पठाउँदा कम खर्च लाग्ने उपाध्यायले बताउनुभयो। जिल्लामै अन्तरराष्ट्रिय पार्सल सेवा उपलब्ध भएपछि नागरिकलाई सहज हुनुका साथै हुलाक सेवाप्रति आकर्षण बढ्ने र कार्यालयको राजस्वसमेत वृद्धि हुने अपेक्षा गरिएको उहाँको भनाइ छ।

जिल्ला हुलाक कार्यालय तनहुँले हाल वार्षिक करिब रु २५ लाख राजस्व सङ्कलन गर्दै आएको छ। अन्तरराष्ट्रिय पार्सल सेवा सुरु भएपछि राजश्व वृद्धि हुने उपाध्यायले बताउनुभयो। पार्सल पठाउँदा स्वघोषणा पत्र र सरकारी कार्यालयबाट जारी फोटोसहितको परिचयपत्रको प्रतिलिपिपेस गर्नुपर्नेछ। पार्सलमा पठाइने वस्तु कर्मचारीको रोहबरमा प्याकिङ गर्नुपर्ने तथा कानुनले प्रतिबन्ध गरेका वस्तु पठाउन नपाइने कार्यालयले जनाएको छ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १९ निवासी देउराज पुनको छोरा भारतीय भु.पु.सै.नं. 05744150X, PPO NO.S/029853, TS NO.145596 का विर बहादुर पुनको माग निवेदन अनुसार निजको श्रीमतीको ना.प्र.नं. ३२२५ जारी मिति २०४४।१२।३० को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मान मति पुन र जन्ममिति वि.सं. २०१२।०५।०६ (ई.सं.१९५५।०८।२२) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर भान मति मगरनी (Bhan Mati Magarni) र जन्ममिति वि.सं. २०१४।०५।१२(ई.सं. १९५७।०८। २८) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १९ नं. वडा कार्यालयको च.नं. १०३० मिति २०८३।०६।२२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, रुपा गाउँपालिका वडा नं.०६ (रुपाकोट गाविस) निवासी भारतीय भु.पु. सै.नं.५२४४१४१N का हेम बहादुर थापाको माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पार्वती थापा र जन्ममिति वि.सं. २०२५।०९।१८ (ई.सं.१९६८/०७/०६) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर पार्वती देवी थापा र जन्ममिति ई.सं.१९६७।०१।१० उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि रुपा गाउँपालिका ०६नं. वडा कार्यालयको च.नं.४६ मिति २०८३।०४।१८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**